## सम्वत् २०८३ साल जेठ ६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. कोशी प्रदेश सरकारको आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने।
२. माननीय प्रदेश प्रमुखज्यूबाट कोशी प्रदेश सभाको बैठकलाई सम्बोधन गर्ने।

## सम्वत् २०८३ साल जेठ १४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. आयोजना बैंक सूचना प्रणालीमा प्रविष्ट भएका विषयगत, क्षेत्रगत आयोजनाहरूको सूचीकृत विवरण प्रदेश योजना आयोगलाई वर्गीकरण र प्राथमिकीकरण सहित विषयगत मन्त्रालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउन स्वीकृत दिने।

२. आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैङ्क व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेस गर्ने।

३. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः कोशी प्रदेशमा सेवा हस्तान्तरण भई घरेलु विकास समिति, संखुवासभाको मुखिया (तिन तह) बाट अवकाश प्राप्त (अस्थायी सेवामा कार्यरत) श्री इन्दिरा कार्कीलाई अवकाश पश्चातको उपदान र संचित बिदा बापतको रकम प्रदान गर्ने र सोको बजेट र भुक्तानीको व्यवस्थापन आर्थिक मामिला तथा योजना मन्त्रालयले गर्ने।

४. सिंचाई व्यवस्थापन हस्तान्तरण कार्यविधि, २०८३ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेस गर्ने।

५. पर्यटन, वन तथा वातावरण मन्त्रालय: पुरानो घरको पूरानो काठ ओसारपसार खुल्ला गरी निर्णय प्रदेश राजपत्रमा सूचना प्रकाशन गर्ने।

६. सामाजिक विकास मन्त्रालयः हलेसी महादेवस्थान विकास समितिको कार्यकारी निर्देशक पदमा जिल्ला खोटाङ, हलेसी तुवाचुङ नगरपालिका वडा नं. ७ बस्ने चक्र बहादुर राईलाई नियुक्ति गर्ने।

७. सामाजिक विकास मन्त्रालयः बृहत्तर बराहक्षेत्र विकास समितिको कार्यकारी निर्देशक पदमा जिल्ला सुनसरी, बराहक्षेत्र नगरपालिका वडा नं.१ बस्ने अविजाल विष्टलाई नियुक्ति गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

<u>सम्वत् २०८३ साल जेठ २२ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:</u>

१. प्रदेश लोक सेवा आयोगको रिक्त प्रदेश सचिव पदमा अस्मान तामाङलाई र आन्तरिक मामिला तथा कानुन मन्त्रालयको प्रदेश सचिव पदमा सहसचिव कृष्ण प्रसाद सापकोटालाई कामकाजमा खटाउने।

२. महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन, २०८३ प्रदेश सभामा पेस गर्न स्वीकृति प्रदान गर्ने।

३. बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८३ लाई मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिमा छलफल गरी पेश गर्ने।

<u>सम्वत् २०८३ साल जेठ २६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:</u>

१. मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको बैठकले परिमार्जन गरेको बहुवर्षीय आयोजनाको स्रोत सहमति सम्बन्धी मापदण्ड, २०८३ स्वीकृत गर्ने।

२. मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको बैठकमले परिमार्जन गरेको कोशी प्रदेश आपतकालीन सेवा केन्द्र (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८३ स्वीकृत गर्ने।

३. मन्त्रिपरिषद्, आर्थिक, सामाजिक तथा पूर्वाधार समितिको बैठकले पेस गरेको आयोजनाको वर्गीकरण, आधार तथा मापदण्ड निर्धारण र आयोजना बैंक व्यवस्थापन (पहिलो संशोधन) कार्यविधि, २०८३ स्वीकृत गर्ने।

४. एघारौं तहका श्री ज्ञान बहादुर बस्नेत (क.स.नं.१३१४२६) को पेन्सनपट्टा प्रयोजनका लागि अनिवार्य अवकाश स्वीकृत गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*